**८३. खाम्नेजति मात्र लिलाम गर्नुपर्ने**: (१) कार्यपालिकाले दफा ८१ बमोजिम लिलाम गर्दा असुल गर्नुपर्ने बाँकी खाम्ने जति सम्पत्तिमात्र लिलाम गर्नुपर्नेछ।

(२) सम्पत्ति लिलाम गर्दा सकार भएको रकम असुलउपर गर्नुपर्ने भन्दा बढि भएमा सो बढि भएको जति रकम सम्पत्तिवाल पक्षलाई फिर्ता गरीदिनुपर्छ।

(३) उपदफा (२) बमोजिम रकम फिर्ता पाउने पक्ष लिलाम गर्दाको बखत उपस्थित नभएको भए रकम फिर्ता लिन आउनु भनी निजको नाममा सात दिनको सूचना जारी गरी झिकाई रकम फिर्ता गर्नुपर्छ।

(४) उपदफा (३) बमोजिम गर्दा सम्बन्धित पक्ष रकम फिर्ता लिन नआएमा उक्त रकम सञ्चित कोषमा दाखिल गरी आम्दानी बाँधी सदरस्याहा गर्नुपर्छ।

(५) अभिलेख प्रशासकले दफा ८१ बमोजिम लिलाम गरेको सम्पत्ति सकार गर्ने पक्षको नाममा सम्पत्ति दर्ता नामसारीको लागि सम्बन्धित कार्यालय वा निकायमा पत्राचार गरी निजलाई सम्पत्तिको चलनपूर्जी उपलब्ध गराई आवश्यक परे सो सम्पत्तिको चलन चलाईदिनुपर्छ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८१ बमोजिमको लिलाम प्रक्रिया अगाडि बढिसकेपछि भराउनुपर्ने रकम बुझाउन ल्याए पनि सो रकम नबुझि सम्पत्ति लिलाम गर्नुपर्नेछ।

**८४. लिलाम उपरको उजुरी**: यस ऐन बमोजिम भएको लिलामको प्रक्रियामा चित्त नबुझ्ने पक्षले जुन प्रक्रिया उपर चित्त नबुझेको हो सो भएको पन्ध्र दिन भित्र समिति समक्ष उजुरी पेश गरी भएको आदेश बमोजिम गर्नुपर्नेछ।

**८५. बिगो भराउँदा वा चलन चलाउँदा लागेको खर्च**: यस ऐन बमोजिम बिगो भराउँदा वा चलन चलाउँदा लागेको खर्च बिगो भरीदिनुपर्ने वा चलन चलाई दिनुपर्ने सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ।

**८६. यथास्थितिमा राख्ने**: कार्यपालिकाले यस ऐन बमोजिम चलन चलाई माग्न वा बिगो भराईपाउन कुनै सम्पत्ति देखाई निवेदन परेपछि बिगो भराउने वा चलनचलाउने कार्य सम्पन्न नभए सम्मको लागि उक्त सम्पत्ति हक हस्तान्तरण गर्न, भत्काउन, बिगार्न तथा कुनै प्रकारको निर्माण कार्य गरी उक्त सम्पत्तिको स्वरुप परिवर्तन गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित पक्षको नाममा आदेश जारी गरी उक्त सम्पत्ति यथास्थितिमा राख्नुपर्नेछ।

**८७. निवेदनबाट कारवाही गर्ने**: (१) अभिलेख प्रशासकले कुनै पक्षले दफा ८६ बमोजिम भएको आदेश विपरित कुनै सम्पत्तिको हक हस्तान्तरण वा स्वरुप परिवर्तन आदि गरेको निवेदन परेमा उक्त निवेदन दर्ता गरी त्यस्तो गर्ने पक्षको नाममा तीन दिनको म्याद जारी गरी निजलाई हाजिर गराई सो निवेदन समिति समक्ष पेश गर्नुपर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको निवेदन पेश हुन आएमा पक्षलाई नयाँ उजुरी दर्ता गर्न नलगाई उक्त निवेदनबाट नै आवश्यक कारवाही गरी निर्णय गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदनको ब्यहोराबाट निवेदन समितिको क्षेत्राधिकार भित्र नपर्ने विषयमा परेको देखिएमा समितिले उक्त विषयमा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा निकाय समक्ष जान सुनाई दिनुपर्नेछ।

**८८. चलन चलाउने सूचना**: (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम चलन चलाई पाउन निवेदन परेमा चलन चलाउने मिति खुलाई फलानो मितिमा फलानो घर जग्गाको चलन चलाउन कर्मचारी खटिई आउने हुँदा सो मिति अगावै घर जग्गा खालि गरीदिनु भनि चलन दिनुपर्ने पक्षको नाममा सूचना जारी गर्नुपर्नेछ।

(२) चलन चलाई दिनुपर्ने सम्पत्ति उजुरीको पक्ष बाहेक अन्य कसैको भोगचलनमा रहेको भएमा अभिलेख प्रशासकले सोहि पक्षको नाममा उपदफा (१) बमोजिमको सूचना जारी गर्नुपर्नेछ।



पे- २२।४४

(३) उपदफा (१) बमोजिम तोकिएको मितिमा खटिई जाँदा घरजग्गा खाली गरेको भए सम्बन्धित कर्मचारीले चलन चलाई दिएको मुचुल्का खडा गरी तथा घरजग्गा खाली नगरेको भए खाली गराई चलन चलाई चलन चलाएको मुचुल्का खडा गरी प्रतिवेदन साथ अभिलेख शाखामा पेश गर्नुपर्नेछ।

## परिच्छेद-१०

### विविध

**८९. नक्कल निवेदनः** (१) समिति समक्ष दर्ता रहेको उजुरीको कुनै सरोकारवाला पक्षले विवादको मिसिलमा रहेको कुनै कागजपत्रको नक्कल लिनको लागि निवेदन दिएमा समितिले उक्त पक्षलाई सो कागजको नक्कल उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिंदा सम्बन्धित पक्षले उजुरी शाखामा रहेको मिसिलको नक्कल लिनुपर्दा उजुरी प्रशासक तथा अभिलेख शाखामा रहेको मिसिलको नक्कल लिनुपर्ने भएमा अभिलेख प्रशासक समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिनको एघार बजे अगावै पेश भएमा सम्बन्धित कर्मचारीले सोहि दिन र सो भन्दा पछि पेश भएमा सम्भव भएसम्म सोहि दिन नभए सोको भोलिपल्ट नक्कल उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन दिंदा फरक फरक उजुरीको लागि फरक फरक निवेदन दिनुपर्नेछ ।

(५) विवादको कुनै पक्षले उपदफा (१) बमोजिमको निवेदन दिंदा नक्कलको सट्टामा कागजपत्रको फोटो खिच्ने अनुमति मागेमा सो दिनुपर्नेछ ।

(६) नक्कल निवेदन दिंदा अनुसूची-१७ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

**९०. नक्कल दस्तुरः** (१) सम्बन्धित प्रशासकले दफा ८९ बमोजिम नक्कल वा फोटो खिच्नको लागि निवेदन दिनेपक्षसँग देहाय बमोजिमको दस्तुर लिई नक्कल उपलब्ध गराउनुपर्नेछः

(क) नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको रू. ५/– रुपैयाँको दरले;

(ख) समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको प्रति पृष्ठको रू. ५/– रुपैयाँको दरले;

(ग) लिखत कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको रू. ५/– रुपैयाँको दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्नेछैन ।

(३) यस दफा बमोजिम नक्कल उतार गरी लैजाने पक्षले नक्कल उतार गर्दा लागेको खर्चको व्यवस्था आफैंले ब्यहोर्नुपर्नेछ ।

**९१. दस्तुर उल्लेख गर्नेः** (१) नक्कल प्रमाणित गर्ने सम्बन्धित प्रशासकले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम, थर तथा उजुरीमा हैसियतका साथै नक्कल उतार गरे वापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको ब्यहोरा जनाई नक्कल प्रमाणित गर्नुपर्नेछ ।

**९२. दस्तुर चुक्ता नभई नक्कल नदिइनेः** सम्बन्धित प्रशासकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ९० बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दासम्म नक्कल दिनेछैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउनेछैन ।

**९३. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरीसँग सम्बन्धित प्रचलित कानूनमा कुनै कुरा लेखिएको भए सो मा लेखिए जतिको हकमा सोहि बमोजिम हुनेछ ।

**९४. नियम बनाउने अधिकारः** समितिले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची-१

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

मोहन्याल गाउँपालिका न्यायिक समिति, कैलाली समक्ष पेश गरेको

### <u>उजुरी-पत्र</u>

.............जिल्ला.........गाउँपालिका वडा नं. .......बस्ने ..................को छोरा/छोरी/श्रीमान्/श्रीमति बर्ष .....को......................(प्रथम पक्ष) निवेदक............

**विरुद्ध**

.............जिल्ला.........गाउँपालिका वडा नं. .......बस्ने ..................को छोरा/छोरी/श्रीमान्/श्रीमति बर्ष .....को....................( दोश्रो पक्ष) बिपक्षी ........

**विषयः** .............................

म निम्न बुँदाहरुमा लेखिए बमोजिम निवेदन गर्दछु :

१. ......................(घटनाको ब्यहोरा तथा माग दावी)

२. यस समितिबाट दोश्रो पक्ष झिकाई जे जो बुझ्नुपर्छ बुझी विवाद निरुपण गराईपाउँ।

३. यस गाउँपालिकाबाट जारी भएको स्थानीय न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐनको दफा १४ बमोजिम विवाद दर्ता दस्तुर रू. ५० /- यसै उजुरी साथ दाखिल गरेको छु।

४. यो उजुरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ अनुसार यसै समितिको अधिकारक्षेत्र भित्र पर्दछ।

५. यो उजुरी हदम्याद भित्रै छ र म उजुरीकर्तालाई यस विषयमा उजुरी दिने हकदैया प्राप्त छ।

६. यस विषयमा अन्यत्र कहीं कतै कुनै निकायमा कुनै प्रकारको निवेदन/उजुरी दिएको छैन।

७. .................................................. झिकाई थप ब्यहोरा वुझ्न सकिनेछ।

८. यसमा लेखिएका ब्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**

नामः .............................

इति सम्बत् ............ साल..................महिना......................गते....................रोज..... शुभम् ...........................................।

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# अनुसूची-२

**(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**

## उजुरी दर्ता गरेको निस्सापत्र

श्री ...................

........................ ।

**विषय: उजुरी दर्ताको निस्सापत्र सम्बन्धमा।**

............जिल्ला........................गाउँपालिका.....वडा नं.............बस्ने तपाईं............ले.............जिल्ला..........गाउँपालिका..... वडा नं........बस्ने.......का विरूद्ध ........विषयमा उजुरी दर्ता गर्न ल्याएकोमा आजको मितिमा दर्ता गरि दर्ता नं. .......कायम भएकोले यो निस्सा जारी गरिएको छ।

**अधिकृत कर्मचारी**

दस्तखत:........

मिति:...........

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची-३

**(दफा ९ को उपदफा (२) सँग सम्वन्धित)**

**न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलालीमा खडा गरिएको**

## तारेख भरपाई

.....................जिल्ला....................गाउँपालिका वडा नं. .......बस्ने ........................................को छोरा/छोरी/श्रीमान्/श्रीमति बर्ष .....को......................(वादी) निवेदक.............

विरुद्ध

.............जिल्ला....................गाउँपालिका वडा नं. .......बस्ने ..................................................को छोरा/छोरी/श्रीमान्/श्रीमति बर्ष .....को....................( प्रतिवादी) बिपक्षी ........

**मुद्दाः**................................

**प्रतिवादी** ...............

**वादी** ...............

इति सम्बत् ............ साल..................महिना.....................गते........रोज ..........शुभम्.............................................।



पे- ३०।४४

अनुसूची-४
(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलाली बाट जारी भएको

**तारिख पर्चा**

प्रतिवादी

वादी

..................

...............

मुद्दाः ..............................

मिति .............. मा .................... काम गर्न ........ बजे हाजिर हुन आउनुहोला।

फाँटवालाको दस्तखत

मिति ................



पे- ३१।४४

## अनुसूची-५
### (दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

### न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलाली समक्ष पेश गरेको

### लिखित जवाफ (प्रतिवाद)

....................जिल्ला............. गाउँपालिका वडा नं. .........बस्ने................................ छोरा छोरी श्रीमान श्रीमती ...................को (लिखित जवाफ प्रस्तुतकर्ता) पक्ष/प्रतिवादी

..............जिल्ला मोहन्याल गाउँपालिका वडा नं. .....बस्ने ............................छोरा छोरी श्रीमान श्रीमती ................................को (निवेदक) विपक्षी

**विषय** ................................ ।

म निम्न बुँदाहरुमा लेखिए बमोजिम निवेदन गर्दछु :

१. ........................................................................................................

२. ........................................................................................................

३. ........................................................................................................

४. यसै ऐनको दफा १४ बमोजिम लिखित प्रतिवाद वापत लाग्ने दस्तुर रू. ५०/- यसै निवेदनका साथ दाखिल गरेको छु।

५. यो लिखित जवाफ म्यादभित्रै लिई म आफैं उपस्थित भएको छु।

६. यस विषयमा अन्यत्र कहींकतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन।

७. ............................................... झिकाई थप ब्यहोरा वुझ्न सकिनेछ।

८. यसमा लेखिएका ब्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक/प्रतिवादी

दा. बा.

नाम: ................................

ईति सम्बत् ...............साल .................महिना ............गते ......रोज ....मा शुभम् ..................................................।



पे- ३२।४४

अनुसूची-६

(दफा २० को उपदफा (६) सँग सम्बन्धित)

न्ययिक समिति मोहन्याल गाउँपालिका, कैलालीबाट जारी भएको

## म्याद सूचना

कैलाली जिल्ला मोहन्याल गाउँपालिका वडा नं. ........बस्ने .....................को नाममा यस मोहन्याल गाउँपालिकाबाट जारी भएको १५ (पन्ध्र) दिने सूचना

..........जिल्ला............गाउँपालिका ........वडा नं. ..............बस्ने............................ले तपाईंको विरुद्ध ...........................विवाद परेको भनि उजुरी दर्ता गरेको हुँदा सो को प्रतिलिपी यसै साथ पठाईएको छ । अतः तपाईले यो म्याद बुझेको वा रितपूर्वक तामेल भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा आफ्नो भनाइ सहित आफैं वा कानून बमोजिमको वारेस मार्फत यस कार्यालयमा हाजिर हुन आउनुहोला । अन्यथा कानून बमोजिम हुने ब्यहोरा जानकारी गराईन्छ ।

इति सम्बत्..............................साल........................महिना............................गते ..........रोज.......................शुभम् ।

.................................

**उजुरी प्रशासक**



पे- 33|44

अनुसूची-७

(दफा ४२ को उपदफा (१) सँग सम्बन्धित)

न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलालीबाट गरिएको

## निर्णय

संयोजक श्री.................................................................................

सदस्य श्री.................................................................................

सदस्य श्री.................................................................................

## निर्णय

सम्बत् .............. सालको उजुरी/विवाद दर्ता नं. ........

**विषयः** ................................ ।

................ जिल्ला ............... गाउँपालिका वडा नं. ....................बस्ने ........................................................प्रथम पक्ष

विरुद्ध

................ जिल्ला ............... गाउँपालिका वडा नं........... ....................बस्ने ..............................................दोश्रो पक्ष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) ....बमोजिम निवेदन दर्ता भई सोही ऐनको दफा ४६ बमोजिम गठन भएको न्यायिक समिति समक्ष प्रस्तुत हुन आएको मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

(१) ....................................................(उजुरीको ब्यहोरा)

(२) ....................................................(प्रतिवादको ब्यहोरा)

(३) ....................................................(सवुत प्रमाणले बोलेको ब्यहोरा)

(४) ....................................................(मेलमिलाप केन्द्रमा के कारणले विवाद मिल्न सकेन सो को ब्यहोरा)

## निर्णय

..........................................................................................................................................

..........................................................................................................................................

.....................................................................................................ठहर्छ। सो ठहर्नाले तपसिल बमोजिम गर्नु।

**तपशिल**

१. सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दस्तुर लिई नक्कल दिनु।

२. यो निर्णयमा चित्त नबुझे ३५ दिनभित्र कैलाली जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनि प्रत्यर्थीलाई सुनाईदिनु।

३. म्यादभित्र पुनरावेदन नपरेमा कानून बमोजिम निर्णय कार्यान्वयन गर्नु/गराउनु।

इति सम्बत् ............ साल..................महिना....................गते....................रोज.... शुभम् ................................।



पे- ३४१४४

अनुसूची-८
(दफा ४८ को सँग सम्बन्धित)
न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलालीबाट जारि गरिएको
**अन्तरिम संरक्षणात्मक आदेश**

संयोजक श्री.............................................................................................
सदस्य श्री................................................................................................
सदस्य श्री................................................................................................

आदेश

सम्बत् ............................ सालको उजुरी/विवाद दर्ता नं........

विषय: ................................।

................. जिल्ला ............... गाउँपालिका ..........वडा नं........... ..............................बस्ने ......................................प्रथम पक्ष

विरुद्ध

................. जिल्ला ................ गाउँपालिका ..............वडा नं.................बस्ने ................................दोश्रो पक्ष

यसमा निवेदकको माग बमोजिम ..........जिल्ला...........गाउँपालिका.......... वडा नं........... बस्ने ..............को नाति .......को छोरा/छोरी बर्ष.......को..............ले......................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................भनिदिनु भएको उजुरी उपर प्रारम्भिक रुपमा जाँचबुझ गर्दा ब्यहोरा मनासिब देखिएको हुँदा हाललाई ............................... प्रबन्ध मिलाउनु भनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ (८) बमोजिम विपक्षी ....................को नाममा यो अन्तरिम संरक्षणात्मक आदेश जारी गरिदिएका छौं। यो आदेश मिसिल सामेल राखी विपक्षीलाई लेखी पठाईदिनु। यो आदेश अनुसार भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु।

ईति सम्बत् .................. साल ..........महिना....गते...............रोज........शुभम्.................................................................।



पे- ३५।४४

अनुसूची-९

(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)

**न्ययिक समिति मोहन्याल गाउँपालिका, कैलाली समक्ष पेश गरेको**

**मिलापत्रको संयुक्त निवेदनपत्र**

............जिल्ला ..............गाउँपालिका.........वडा नं. ......बस्ने ..........................को छोरा/छोरी/श्रीमति/श्रीमान् बर्ष ....को ..................................(प्रथम पक्ष) निवेदक

विरुद्ध

............जिल्ला ..............गाउँपालिका...........वडा नं. ......बस्ने ..........................को छोरा/छोरी/श्रीमति/श्रीमान् बर्ष ....को ..................................(दोश्रो पक्ष) विपक्षी

**विषयः**...................................।

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौः

(१) ....................................................(उजुरीको ब्यहोरा)

(२) ....................................................(प्रतिवादको ब्यहोरा)

(३) ....................................................(मिलापत्र गर्नुपर्ने कारण सहित लेख्ने)......................भएकोमा हामी दुबै पक्ष सहमत भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (२) बमोजिम यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका छौ, लेखिए बमोजिम मिलापत्र गरिपाँउ।

(४) यसमा लेखिएका ब्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदकहरु**

................................ **प्रथम पक्ष**

................................ **दोश्रो पक्ष**

इति सम्बत् ............ साल..................महिना....................गते.......रोज......शुभम् .........................................।



पे- ३६।४४

## अनुसूची-१०
### (दफा ५३ को उपदफा (५) सँग सम्बन्धित)

**न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलालीद्वारा पक्षहरूबीच गराईएको**

## मिलापत्र

लिखितम् हामी तपसिलका मानिसहरू आगे .......साल......महिना......गतेका दिन......................(उजुरीको संक्षिप्त ब्यहोरा लेख्ने)...........(प्रतिवादको संक्षिप्त ब्यहोरा लेख्ने) भएतापनि हामी एक ठाउँमा बसोबास गर्दै आएका छिमेकी भएकोले आपसमा विवाद गरि बस्नुभन्दा मिलेर बस्नु उचित भएकोले वादीले पनि वादी दावी छोडी प्रतिवादीले पनि प्रतिवाद छोडी हामीहरू एकापसमा मिल्न मञ्जुर भएकाले तपसिलका बुँदाहरूमा सहमति भई आजै दरखास्त लेखी ल्याएकोले सो बमोजिम खुसिराजीका साथ यो मिलापत्र लेखी मोहन्याल गाउँपालिका न्यायिक समितिमा चढायौं।

## तपसिल

**सहमतिका बुँदाहरू:**

१. ......................................

२. ............................................

३. ...........................................

४. ........................................

माथी लेखिएका ब्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून वमोजिम सहौंला वुझाउँला।

**पक्षहरु**

.......जिल्ला....................गाउँपालिका......वडा नं. .........बस्ने वादी ........................(वादीको नाम लेख्ने)

.......जिल्ला....................गाउँपालिका......वडा नं. .........बस्ने प्रतिवादी ........................(प्रतिवादीको नाम लेख्ने)

इति सम्बत् ............ साल...................महिना......................गते.....................रोज... शुभम् ...............................................।

## अनुसूची-११

### (दफा ५३ को उपदफा (६) सँग सम्बन्धित)

### ..... वडा मेलमिलाप केन्द्र, मोहन्याल गाउँपालिका, कैलालीद्वारा पक्षहरूबीच गराईएको

### सहमतिपत्र

उजुरी/विवाद दर्ता नं............

आज मिति ....................................मा कैलाली जिल्ला ..............................गाउँपालिका.........वडा नं. .......बस्ने ............................को नाती/नातिनी...............................................को छोरा/छोरी वर्ष .....को .................................... तथा ............................को नाती/नातिनी ...............................को छोरा/छोरी वर्ष ........ को ........................................ बिचमा भएको ............................सम्बन्धी बिवादमा तपसिलमा उल्लेखित मेलमिलापकर्ताहरूको रोहवरमा छलफल भई निम्न बमोजिमका बुँदाहरूमा हामीहरूको सहमति भई यस सहमतिपत्रमा दस्तखत गरी एक/एक प्रति लियौं दियौं।

**सहमतिका बुँदाहरू:**

१.........................................................................................................................................................

२.........................................................................................................................................................

३.........................................................................................................................................................

४.........................................................................................................................................................

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः .................................. | नामः ............................................. |
| ठेगानाः .................................. | ठेगानाः ........................................ |

**सरोकारवाला/अन्य**

| नाम | ठेगाना | हस्ताक्षर |
|---|---|---|
| १) ................................................ | ............................ | ............................ |
| २) ................................................ | ............................ | ............................ |
| ३) ................................................ | ............................ | ............................ |

**रोहबर**

| **१. मेलमिलापकर्ता** | **२. मेलमिलापकर्ता** | **३. मेलमिलापकर्ता** |
|---|---|---|
| नाम.................................. | नाम.................................. | नाम.................................. |
| हस्ताक्षर.............................. | हस्ताक्षर.............................. | हस्ताक्षर.............................. |

□□□



उ- ३८।४४

अनुसूची-१२

(दफा ५५ को उपदफा (२) सँग सम्बन्धित)

न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलालीद्वारा

श्री कैलाली जिल्ला अदालत, धनगढी, कैलालीमा पेश गरेको

**प्रतिवेदन**

वादी/निवेदक ................................ र प्रतिवादी/प्रत्यर्थी ....................................भएको ..........................मुद्दा/विवादमा यस न्यायिक समितिबाट मेलमिलापको माध्यमबाट विवाद समाधान गर्नका लागि प्रयास गरिएकोमा मेलमिलाप गराउन पटक-पटक प्रयास गरिए बमोजिम पक्षहरुसँग छलफल हुँदा पक्षहरु बीचमा मेलमिलाप हुन नसकि ......................... कारणले मेलमिलापको कार्यविधि अघि बढ्न नसकेको हुँदा आवश्यक मिसिल कागजपत्र सहित यो प्रतिवेदन पेश गरेका छौं ।

**न्यायिक समितिः**

१. संयोजकः श्री ........................................

सहीः ...........................................

२. सदस्यः श्री ..............................................

सहीः ..............................................

३. सदस्यः श्री ..............................................

सहीः ..............................................

**संलग्न कागजातः**

१. ..............................................

२. ..............................................

३. ..............................................

इति सम्बत् ........साल ..........महिना .... गते ..... रोज.............शुभम् ...............................................................।



पे- ३९१४४

मोहन्याल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय टिकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**अनुसूची-१३**

**(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)**

न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलाली समक्ष पेश गरेको

**मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन**

फोटो

**विषय: मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ।**

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी मोहन्याल गाउँपालिका, कैलालीको न्यायिक समिति अन्तर्गतका वडा नं.........को मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु।

**तपसिल**

१) नेपाली नागरिकता प्रमाणपत्रको छाँयाकपी,

२) कक्षा दश उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३) ४८ घण्टाको मेलमिलाप सम्बन्धी तालीम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४) मेलमिलाप सम्बन्धी अन्य तालीम र अनुभव,

५) व्यक्तिगत विवरण (Bio- data)

**निवेदक**

नाम थरः .........

दस्तखतः ..........

मितिः ............



मोहन्याल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय टिकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

पे- ४०।४४

अनुसूची-१४

(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)

**न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलाली समक्ष पेश गरेको**

**भरिभराउको निवेदन पत्र**

**विषयः भरिभराई पाउँ भन्ने वारे।**

....................बस्ने निवेदक ........................................................................................................वादी/प्रतिवादी

विरुद्ध

....................बस्ने विपक्षी ........................................................................................................वादी/प्रतिवादी

**मुद्दाः............................।**

म निवेदक निवेदन दस्तुर रू. १०/- संलग्न राखी भरी भराइ गरिदिनका लागि निम्न ब्यहोरा निवेदन गर्दछु।

१. उपरोक्त विपक्षीसंगको उल्लेखित मुद्दा यस श्री मोहन्याल गाउँपालिका, कैलाली न्यायिक समितिको मिति.................... को फैसला बमोजिम मैले भरी भराई पाउने ठहर भएको हुँदा उक्त रकम भरी भराई पाउन यो निवेदन पेश गरेको छु।

२. मैले यस कार्यालयमा आवश्यक तिर्नुपर्ने रकम तिरीसकेको र यस न्यायिक समितिको अन्तिम फैसलाको छायाँकपी यसैसाथ संलग्न छ।

३. यसमा लेखिएको ब्यहोरा ठिक हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

निज.....................

इति सम्बत् ............ साल.................. महिना.................... गते.................... रोज... शुभम् ............................................।

अनुसूची-१५

(दफा ७८ को उपदफा (१) सँग सम्बन्धित)

**मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कैलालीमा चलन चलाउनका लागि दिइएको**

**निवेदन पत्र**

**विषय: चलन चलाई पाउँ भन्ने वारे ।**

निवेदक:..............................बस्ने.............................................. वादी/प्रतिवादी

विरुद्ध

बिपक्षी ...........................................बस्ने.......................................वादी/प्रतिवादी

मुद्दा..........................................।

म निवेदक निवेदन दस्तुर रू.१०/- यसैसाथ राखी निम्न ब्यहोरा निवेदन गर्दछु ।

१. उपरोक्त विपक्षीसंगको उल्लेखित मुद्दा यस गाउँपालिकाको न्यायिक समितिबाट मिति.................मा निर्णय भई उक्त घर जग्गा (वा जुन सम्पत्ति भोग गर्न पाउने गरी निर्णय भएको छ सो सम्पत्ति वा वस्तु उल्लेख गर्ने) मेरो हक भोग र स्वामित्वको हुने ठहर भएकोमा श्री कैलाली जिल्ला अदालतमा विपक्षीले पुनरावेदन गरेकोमा सम्मानीत अदालतबाट समेत मिति.............. मा निर्णय भएकोले न्यायिक समितिकै निर्णयलाई सदर गरी मैरै हक भोग कायम गरेको हुँदा सो मेरो हक भोगको कायम भएको सम्पत्ति रहेको हुँदा शिघ्रातिशिघ्र मलाई उक्त सम्पत्ति चलन चलाई पाउन यो निवेदन पेश गरेको छु ।

२. यसै निवेदन साथ देहायका कागजातहरु संलग्न गरेको छु ।

क. न्यायिक समितिले मिति............मा गरेको निर्णयको छाँयाँकपी,

ख. श्री कैलाली जिल्ला अदालतले गरेको मिति.............को सदर फैसलाको छाँयाँकपी,

ग. यस विवाद सम्वद्ध मिसिल यसै कार्यालयमा रहेको छ,

घ. लेखिएको ब्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज..............

इति सम्बत् ............ साल...................महिना......................गते.....................रोज... शुभम् ................................................।



पे-४२।४४

## अनुसूची-१६

(दफा ८० को उपदफा (४) सँग सम्बन्धित)

न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलालीद्वारा जारी गरिएको

**सम्पत्ति रोक्काको आदेश**

संयोजक श्री...............................................................................

सदस्य श्री...............................................................................

सदस्य श्री...............................................................................

**आदेश**

सम्बत् ......सालको उजुरी/विवाद दर्ता नं. ......

विषयः सम्पति हस्तान्तरण रोक्का ।

........................जिल्ला ..............गाउँपालिका वडा नं. ......बस्ने ..............को छोरा छोरी/श्रीमान्/श्रीमति बर्ष.......को ......................................निवेदक (प्रथम पक्ष)

विरुद्ध

........................जिल्ला ..............गाउँपालिका वडा नं. ......बस्ने ..............को छोरा छोरी/श्रीमान्/श्रीमति बर्ष.......को ...................................... विपक्षी (दोश्रो पक्ष) को यसमा निवेदकको माग बमोजिम......जिल्ला.............गाउँपालिका वडा नं.... क्षे.फ. ........ कि.नं. ....... घरजग्गाको हक हस्तान्तरण नगर्नु/गर्न नदिनु भनी मालपोत कार्यालयको नाममा समेत स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ (६) बमोजिम यो रोक्काको आदेश जारी गरिदिएका छौं । यो आदेश मिसिल सामेल राखी सम्बन्धित कार्यालयहरुमा पठाईदिनु । यो आदेश अनुसार रोक्का भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

इति सम्बत् ............ साल..................महिना....................गते....................रोज... शुभम् ............................................।



पे- ४३।४४

अनुसूची-१७

(दफा ८९ को उपदफा (६) सँग सम्बन्धित)

**न्यायिक समिति मोहन्याल गाउँपालिका, कैलालीमा नक्कलको लागि पेश गरेको**

**निवेदन पत्र**

**विषयः नक्कल पाउँ भन्ने बारे।**

.................. बस्ने ........................................................................... निवेदक/वादी/प्रतिवादी

विरुद्ध

.............. बस्ने ................................................................................ विपक्षी/वादी/प्रतिवादी

**मुद्दाः** ................................।

म निवेदक नक्कल दस्तुर वापत रु. .........।– साथै राखी निम्न ब्यहोरा निवेदन गर्दछुः

(१) उपरोक्त विपक्षीसँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका कागजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपी पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु। अतः नक्कलको प्रमाणित प्रतिलिपी पाउँ।

**देहाय**

क)...............................................................................

ख)...............................................................................

ग)...............................................................................

घ) ..............................................................................

ङ) ..............................................................................

२) लेखिएको ब्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**

निज .........................

इति सम्बत् ............ साल.................महिना....................गते.................रोज... शुभम् ..........................................।